# चन्द्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर , रौतहट ।

आगामी आ.ब.२०८०।०८१ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्वन्धी
शिलवन्दी बोलपत्र आव्हानको सूचना।

**प्रथम पटक प्रकाशित मिति :२०८०।०२।१८**

यस कार्यालयबाट आर्थिक बर्ष २०८०।०८१ को लागि स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम निम्नअनुसारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस कार्यालयबाट बोलपत्र फाराम खरिद गरी पेश गर्नहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | आयठेक्काको नाम | न्युनतम कबोल अकं | बोल पत्र दश्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८०।८१ | पौराई ब्रह्म स्थान क्षेत्रभित्र पसुबध काटमार | ८७५०००। | १,०००। | |
| २ | २/०८०।८१ | जुडिबेला हाटबजार | ४१,०००। | १,०००। | |
| ३ | ३/०८०।८१ | पौराई हाटबजार | ३०५०००। | १,०००। | |
| ४ | ४/०८०।८१ | गैंडाटार हाटबजार | १३५०००। | १,०००। | |
| ५ | ५/०८०।८१ | चन्द्रनिगाहापुर हाटबजार | १९२५०००। | १,०००। | |
| ६ | ६/०८०।८१ | डुमरीया हाटबजार | १११७०००। | १,०००। | |
| ७ | ७/०८०।८१ | बालचनपुर हाटबजार | ५४५००। | १,०००। | |
| ८ | ८/०८०।८१ | चेतनगर हाटबजार | २००२५०। | १,०००। | |
| ९ | ९/०८०।८१ | मरधर सिमसार पोखरी | १५०००००। | १,०००। | तिन वर्षको लागि |
| १० | १०/०८०।८१ | वडेरवा पोखरी | ३००००००। | १,०००। | तिन वर्षको लागि |
| ११ | ११/०८०।८१ | पडरिया पोखरी | १५१०००। | १,०००। | तिन वर्षको लागि |
| १२ | १२/०८०।८१ | नुनथर पर्यटकीय क्षेत्र | ३१००५००। | ३,०००। | |
| १३ | १३/०८०।८१ | एरीया निकासी (कवाडी कर) | ३५५२१५१। | ३,०००। | |

**<u>शर्तहरु</u>**

१. यो सूचना प्रकाशित भएको मितिले क्र.स. १ देखि ११ सम्मको हकमा १५(पन्ध्रौ) दिन मिति २०८०/०२/३२ र क्र.स. १२ र १३ को हकमा ३०(तिसौ) दिन मिति २०८०/०३/१५ गते कार्यालय समयभित्र निवेदन साथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित राजस्व शाखाबाट बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले क्र.स. १ देखि ११ सम्मको टेण्डर फाराम भरी सोह्रौ दिन मिति २०८०/०३/०१ गते र क्र.स. १२ र १३ को हकमा (३१)एक्तीसौ दिन मिति २०८०।०३।१६ गते दिनको १२:०० बजेभित्र बोलपत्र फारम साथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बुझाएको नगदी रसिद सहितको बोलपत्र फारम राजस्व शाखामा दर्ता गरी सक्नुपर्नेछ ।

३. बोलपत्र दर्ता दाखिला गर्दा बोलपत्र जमानत (BID Security) धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा बोल कवोल अंकको ५% रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चन्द्रनिगाहपुरमा रहेको धरौटी खाता नं. ग-३-०८१०३०००००३०००००००००१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत सहित शिलबन्दी टेण्डर फारामसँग संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट बोलपत्र फाराम खरिद, दाखिला र खोल्ने कार्य हुनेछ ।

५. रीतपूर्वक दर्ता हुन आएका गोप्य शिलवन्दी टेण्डर फारामहरु क्र स १ देखि ११ सम्मको हकमा सोहौ दिन, मिति २०८०/०३/०१ गते र टेण्डर फारामहरु क्र स १२ र १३ को हकमा (३१) एक्तीसौ दिनको मिति २०८०/०३/१६ गते दिनको २:०० बजे बोलपत्रदाता स्वयंम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयमा दर्ता भएका सिलबन्दी बोल पत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलवन्दी दरभाउ पत्र फाराममा आफूले कवोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नुपर्नेछ ।

७. ठेक्का बन्दोबस्तको रकम २ किस्तामा बिभाजन गरी प्रथम किस्ता पुरै नगद रकम नेपाल बैंक लिमिटेड चन्द्रनिगाहपुरमा रहेको आन्तरिक राजस्व खाता नम्बर ०८१०३००००००१००१०००००१ मा जम्मा गरिएको सक्कलै बैंक भौचर र बाँकि १ किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त “क” बर्गको बैंकको बैंक जमानत (Performance Security Bond) पेश गरी सम्झौताको लागि उपस्थित हुनुपर्नेछ । ठेक्का बन्दोबस्त बापतको रकम स्वीकृत बोलपत्र दाताले सम्झौता गर्दाको बखत एक मुष्ठ बुझाएमा बोलकबोल अंकको १०% छुट दिन सकिनेछ ।

८. बन्द हडताल लगायत स्थानीय बासीहरुले ठेक्का चलन गर्न नदिएको वा अबरोध गरेको वा अन्य ब्यबधानहरु समेतको ब्यबस्था गर्ने जिम्मेवारी बोलपत्रदाता स्वयमको हुनेछ । त्यस बापत यस कार्यालयमा कुनै पनि क्षतिपूर्ति तथा मिनाहा दाबी गर्न पाइने छैन ।

९. सकार गरेको बोल कबोल अंकको १३% प्रतिशत मु.अ.कर समेत लाग्नेछ सो रकम ठेकेदार स्वंले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ।

१०.हाट बजारमा बिक्री गर्न ल्याउने व्यवसायीहरुबाट नियमानुसार तोकिएको दररेटमा कर संकलन गर्नुपर्नेछ।

११. हाट बजारको फोहर मैला ब्यबस्थापन स्वयम बोलपत्र दाताले गर्नुपर्नेछ।

१२.ठेक्काको अवधि सम्झौता गरेको मिति देखि २०८१ आसाढ मसान्तसम्म मात्र हुनेछ ।

१३.बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन ।

१४.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

१५.यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१६.यस सम्वन्धी बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत